सम्माननीय प्रधानमन्त्रीज्यूको आसन्न भारत भ्रमणका क्रममा भारतसँग विगतमा सम्पन्न राष्ट्रघाती एवं असमान सन्धिसम्झौताहरूको खारेजी र पुनरावलोकनका साथै बिना गृहकार्य, जनस्तरमा व्यापक छलफल नगरी विज्ञविशेषज्ञहरूको सल्लाह बिना जलस्रोत तथा राष्ट्रियतासम्बन्धी कुनै पनि नयाँ सन्धिसम्झौतामा हस्ताक्षर नगर्न हुन हार्दिक अनुरोधसहित

# विशेष ध्यानाकर्षण-पत्र

२०६५ भाद्र २८

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

विषय:सम्माननीय प्रधानमन्त्रीज्यूको यही भाद्र २९ गतेदेखि हुने भनिएको औपचारिक भारत भ्रमणका क्रममा भारतसँग जलस्रोत तथा राष्ट्रियतासँग सम्बन्धित कुनै पनि सन्धिसम्झौतामा हस्ताक्षर नगर्न एवं विगतमा सम्पन्न राष्ट्रघाती असमान सन्धिसम्झौताहरूको खारेजी तथा पुनरावलोकन सम्बन्धमा ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

१. प्रथमत: लामो संघर्ष र १२ वर्षे जनयुद्ध र १९ दिन जनआन्दोलनको सफलतापछि स्थापित नयाँ गणतन्त्र नेपालको प्रथम निर्वाचित प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्ने ऐतिहासिक अवसर प्राप्त गर्नुभएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपालका तर्फबाट हार्दिक बधाइ ज्ञापन गर्दछौं । साथै नेकपा (माओवादी) को नेतृत्वमा गठित नयाँ सरकारले राष्ट्रलाई नयाँ दिशा दिनसकोस् भन्दै सरकारको पूर्ण सफलताको कामना समेत गर्दछौं ।

२. देशमा वर्षौं अघिदेखि जलस्रोत तथा प्राकृतिक स्रोतसाधनमाथि विभिन्न बहानामा भइरहेको वैदेशिक हस्तक्षेपका विरुद्ध अभियान चलाउँदै प्राकृतिक स्रोतसाधनका वास्तविक मालिक नेपाली जनता हुन र त्यो उनीहरूको जन्मसिद्ध अधिकार हो र हुनुपर्दछ भन्ने मूल्य र मान्यतासहित यो महासंघ आफ्नो स्थापनाकालदेखि नै अभियानरत रहेको बेहोरा अवगत गराउन चाहन्छौं । सन् १९५० को कथित शान्ति तथा मैत्री सन्धिलगायत कोशी, गण्डक, महाकाली र पछिल्लोपटक सम्पन्न अरुण-३ आयोजनासम्बन्धी सन्धिसम्झौताका साथै यस अघिका सरकारहरूद्वारा विदेशी साहुमहाजनहरूलाई रातारात बुझाइएका पश्चिम सेती तथा माथिल्लो कर्णाली आयोजना सम्बन्धमा भएका राष्ट्रघाती सम्झौताहरूका विरुद्धसमेत सक्रियरुपमा अभियानरत छ । राष्ट्रघाती पश्चिम सेती सम्झौता विरुद्ध यस महासंघद्वारा सर्वोच्च अदालतमा दायर रिटनिवेदनमाथि यही भदौ २४ गते भएको सर्वोच्चको फैसला समेत राष्ट्रहितविपरीत भएको स्मरण गराउन चाहन्छौं । नेपाल-भारत सीमा क्षेत्रमा अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले निर्माण गरेका सीमावर्ती तटबन्धहरुका विरुद्ध समेत यस महासंघले अन्तराष्ट्रिय जगतमै अभियान चलाउँदै आएको छ ।

३. यसबीचमा असमान एवम् गलतरुपमा सम्पन्न कोशी सम्झौताको उपज कोशी ब्यारेजको तटबन्ध यही भदौ २ गते भत्किन गई सुनसरी जिल्लाका हजारौं नागरिक विस्थापित भइसकेको र उक्त विनासले भारतमा समेत त्यतिकै क्षति पुऱ्याएको अवस्थामा सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणका अवसरमा जलस्रोतसम्बन्धी मुद्दाले पहिलो प्राथमिकता पाउने निश्चित छ । यसमा पनि नेपाल-भारतबीच सम्पन्न सन् १९५० को शान्ति तथा मैत्री सन्धि, कोशी, गण्डक र महाकालीजस्ता असमान सन्धिहरू सबैको खारेजीसहित ४० सुत्रीय माग तत्कालीन देउवा सरकारलाई बुझाउँदा ती मागहरू कार्यान्वयन नआएपछि सशस्त्र जनयुद्ध थालेको नेकपा (माओवादी) ले नै वर्तमान सरकारको नेतृत्व गरिरहेको अवस्थामा यसबीचमा हुन लागेको सम्माननीय प्रधानमन्त्रीज्यूको यो भारत भ्रमणलाई सर्वाधिक महत्व एवम् विशेष चासोका साथ हेरिएको छ ।

४. कोशीको विनासपछि भारतले यही मौका छोपेर पुनः सप्तकोशी उच्चबाँध (Sapta Koshi High Dam) निर्माणका लागि प्रधानमन्त्रीज्यूसँग वार्ता गर्ने कुरा स्पष्ट छ । गत अप्रिल २६-२७, २००८ मा पटनामा सम्पन्न नेपाल-भारत सम्मेलनले यसको पूर्व संकेत गरिसकेको छ । उक्त बैठकको नेतृत्व गर्नुभएकी तत्कालीन आवास तथा भौतिक योजना मन्त्री हिसिला यमीज्यूले समेत भारतीय नेताहरूसँगको कुराकानीमा अन्तराष्ट्रिय मान्यताका आधारमा सप्तकोशी उच्चबाँध निर्माण गर्न सकिने भन्ने समाचारसमेत यस अघि नै सार्वजनिक भइसकेको अवस्था छ । तर नेपालको आवश्कता र प्राथमिकतामा नपर्ने सप्तकोशी उच्चबाँध पूर्वी नेपालको सम्पूर्ण उर्वरा भूमि र उपत्यकाहरू डुबाउँदै लाखौं नेपाली नागरिकको उठिवास लगाएर विहारलाई बचाउने तथा भारतको नदी जडान आयोजनालाई सफल पार्ने आयोजनामात्र हो । अझ के हामीले के पनि बिर्सनु हुन्न भने सन् १९९६ मा भारत-बंग्लादेशबीच फरक्का सम्झौता भएपछि भारतका  केन्द्रीय जलसंसाधन मन्त्रीले गंगाबाट विहारमा हुने पानी कटौती पूर्तिका लागि नेपालमा सप्तकोशी उच्चबाँध निर्माण गरिने बताएका थिए । यसबाट पनि सप्तकोशी उच्चबाँधमा भारतीय अभिष्ट के हो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । अर्कोतिर विनासकारी सप्तकोशी उच्चबाँधका विरुद्ध नेपाल तथा भारत दुबै देशका जनताहरूबाट संगठितरुपमा चौतर्फी विरोध भइरहेको छ । तसर्थ भारतले कोशीमा कृत्रिम बाढीको सिर्जना गरी भविष्यमा कोशीबाट हुने बाढी नियन्त्रणको एउटैमात्र समाधान सप्तकोशी उच्चबाँधको निर्माण हो भन्ने भ्रम सिर्जना गर्न खोजिरहेको छ । पछिल्लोपटक भएको कोशीको विनास यस्तै दूषित भारतीय मनोवृतिको उपज हो । तसर्थ कोशी, गण्डक र महाकालीमा ठूलो मूल्य चुकाइसकेको अवस्थामा सप्तकोशी उच्चबाँध बनाउने कि नबनाउने भन्ने विषयका स्थानीय तथा आम नेपाली जनताले निर्णय गर्ने कुरा भएकोले यस विषयमा प्रधानमन्त्रीज्यूले कुनै पनि हालतमा सहमति जनाउनु हुँदैन । नेपालले सप्तकोशी उच्चबाँध निर्माणमा सहमति जनाए त्यो मुलुकका लागि अकल्पनीय दुर्धटना साबित हुनेछ । अझ आम नेपाली जनता सबैले के बुझ्नु जरूरी छ भने भारतले जहिल्यै नेपाललाई विभिन्न वहानामा दुःख दिइरहनुको एउटै कारण हो नेपालको सम्पूर्ण जलसम्पदामा कब्जा जमाउन खोज्नु र हाम्रा नदीहरूलाई आफ्नो वृहत नदी जडान आयोजनामा जोडेर उक्त आयोजनालाई सफल पार्नु । यसै खेलअन्तर्गत आज भारत नेपालमा ठूलाठूला उच्चबाँधहरू निर्माणका लागि नेपाललाई दबाब दिन नेपालको ६२ भन्दा बढी स्थानमा सीमा मिचिरहेको छ, नेपाली भूमि कालापानीमा अझै सैनिक क्याम्प राख्दै आएको छ र सीमावर्ती क्षेत्रमा अन्तर्राष्ट्रिय कानुनविपरीत निर्लज्ज ढंगले तटबन्ध निर्माण गरिरहेको छ । त्यसैले यस भ्रमणका कोशीका सवालमा भारतसँग उठाउने कुरा भनेको कोशी सम्झौताअनुसार भारतकै कारण सिर्जित पछिल्लो कोशी विनासबाट विस्थापित तथा प्रभावितहरूको पुनर्स्थापन, मुआब्जा तथा क्षतिपूर्ति तथा विगत ५० वर्षदेखि यसरी नै कुनै न कुनै रुपमा प्रभावित र विस्थापितहरूलाई समेत क्षतिपूर्तिका लागि प्रष्ट कुरा राख्नु जरूरी छ ।

५. अर्कोतिर सम्माननीय प्रधानमन्त्रीज्यूको यस भ्रमणका क्रममा यसपटक भारतले विगत १२ वर्षसम्म कार्यान्वयनमा आउन नसकेको महाकालीको सन्धिको कुरा पनि पुनः झिक्नसक्छ । पञ्चेश्वर र पूर्णागिरी बाँधहरू कार्यान्वयन गर्ने नयाँ नाटक मञ्चन गर्नसक्छ । तर महाकाली सन्धिमा व्यवस्था भएअनुसारका कुनै पनि काम यतिका वर्षसम्म हुन नसकेको र पूर्णागिरी-पंचेश्वरसमेत भारतीय नदी जडान आयोजनाकै अभिन्न अंग भएको र भारतले महाकालीको पानी दिल्ली हुँदै राजस्थान पुऱ्याउने योजना अघि सारिसकेकोले म्याद गुज्रेको महाकाली सन्धिलाई थप वैधानिकता दिने गरी कुनै पनि हालतमा पञ्चेश्वर-पूर्णागिरीको कुरा गरिनु हुन्न । १२ वर्षसम्म पनि सन्धि कार्यान्वयनमा नआएको अवस्थामा महाकाली सन्धिको औचित्य पहिल्यै नै समाप्त भइसकेको छ । तसर्थ सम्माननीय प्रधानमन्त्रीज्यूले महाकाली सन्धिको पूर्ण खारेजीको कुरासहित नेपालको हित सर्वोपरी रहने गरी नयाँ सन्धिको कुरा अघि सार्नु जरुरी छ ।

६. यस सन्दर्भमा, नेपालले सर्वप्रथम नेपालको जलसम्पदामाथि भारतको बक्रदृष्टि तथा प्रस्तावित एकतर्फी नदी जडान आयोजनाबाट नेपालमाथि पर्ने गम्भीर असरहरूका बारेमा बृहत् अध्ययन गर्न त्यत्तिकै जरुरी छ । नेपालका मेची, कोशी, गण्डक, कर्णाली तथा महाकालीसहित सम्पूर्ण नदीनालाहरूलाई सदाका लागि आफ्नो पोल्टामा हाल्ने षडयन्त्रस्वरुप भारतको केन्द्रीय सरकारद्वारा प्रस्तावित नदी जडान आयोजना कार्यान्वयनको पर्खाइमा रहेको छ । अति विवादास्पद आयोजना मानिने यस आयोजनालाई भारतले भारतीय नदी जडान आयोजना (Inter-Linking of Rivers Project - ILRP) नाम दिएको छ । यस नदी जडान आयोजनालाई नबुझिकन तथा आफ्नो राष्ट्रिय जल

तथा ऊर्जाको अवस्था तय नगरिकन जलस्रोतका सम्बन्धमा नेपालले यतिबेला भारतसँग कुनै पनि हालतमा नयाँ सम्झौता गर्नैहुन्न । यसभन्दा पहिले पुराना सन्धिसम्झौताहरूलाई समान अधिकार र लाभको सिद्धान्तमा अडिग रहेर नेपालको सर्वोत्तम हित र माथिल्लो तटीय अधिकार पूर्णतः नेपालको रहने गरी पुराना सम्झौताहरूको खारेजी गर्नैपर्दछ । आज राष्ट्रघाती महाकाली सन्धिले स्थापित गरेको विद्यमान उपभोग्य उपभोगको अग्रिम अधिकारको सिद्धान्तका आधारमा नेपालका सम्पूर्ण नदीनालाहरू नदी जडान आयोजनासँगै जबर्जस्तरुपमा स्वतः हत्याउने दुस्प्रयासमा भारत पछिल्लोपटक कम्मर कसेर लागेको कुरातर्फसमेत सम्माननीय प्रधानमन्त्रीज्यूको गम्भीर ध्यानाकर्षण हुन जरुरी छ । अझ विहारका पूर्व मुख्यमन्त्री तथा वर्तमान भारतीय रेलमन्त्री लालुप्रसाद यादवले विहारको पानीलाई पानी नभइ पेट्रोल हो भनिरहेको अवस्थामा नेपालको पानी त पेट्रोलभन्दा पनि मूल्यवान भएकोले नेपालले दूरदृष्टिसहित आफ्ना नदीनाला तथा थोपा थोपा पानीको दीर्घकालीन सुरक्षा नीति अपनाउनु जरूरी छ ।

७. सम्झनाका लागि, सम्माननीय प्रधानमन्त्रीज्यूले नै कोशी भ्रमणका क्रममा कोशी सम्झौतालाई आत्मघाती सम्झौताको संज्ञा दिइसक्नु भएको अवस्थामा कोशी, गण्डक तथा महाकाली सन्धिसम्झौताहरूलाई पूर्णरुपमा खारेजी वा पुनरावलोकन के गर्नुपर्ने हो भन्ने विषयमा जल तथा ऊर्जा क्षेत्रका अभियानरत विशेषज्ञ, कानुनविद्, अभियानकारी, स्रोतका वास्तविक मालिक स्थानीय जनता तथा सरोकारवालाहरूबाट जनस्तरदेखि नै आवश्यक रायसल्लाह लिएरमात्र उचित निर्णयमा पुग्नुपर्दछ । महाकाली र गण्डकमा भन्दा कोशी सम्झौताका हकमा कोशीको माथिल्लो तटीय (Upper riparian rights) अधिकार पूर्णरुपमा नेपालमा रहेको अवस्थामा सबै नदीहरुमाथि नेपालको माथिल्लो तटीय अधिकार गुम्ने किसिमले कुनै पनि हालतमा कुनै पनि सम्झौता गरिनुहुन्न । राष्ट्रघाती गण्डक सम्झौताको घारा ९ तथा महाकाली सन्धिको धारा ३ मा खोसिएका ती नदीहरूमाथिको नेपालको सार्वभौमिक माथिल्लो तटीय अधिकार कायम गराउने तथा अन्य नदीनाला र खोलाहरूका हकमा पनि यही सिद्धान्त लागु हुने कुरा सुनिश्चित गरेरमात्र नयाँ शिराबाट सन्धिसम्झौता गर्ने परम्परा बसाल्न जरुरी छ । जहाँ स्थानीय जनतालाई थाहै नदिइ विगतका सरकारले गरेका कोशी, गण्डक तथा महाकालीजस्ता सम्पूर्ण असमान एवं राष्ट्रघाती सन्धिसम्झौताहरू पूर्णरुपमा खारेजीका लागि भारतसँग कुरा उठाउनु जरूरी छ ।

८. यसका लागि सम्बन्धित विषयमा बेलैमा लामो गृहकार्य, छलफल, परामर्श तथा जनस्तरमा व्यापक बहस चलाएरमात्र सही निष्कर्षमा पुग्नसकिन्छ । सम्बन्धित विज्ञ र विशषज्ञहरूको राय-सल्लाह पनि त्यत्तिकै आवश्यक छ । नेपालसँग हुने कुनै पनि सन्धिसम्झौतामा आफ्नो हात माथि पार्न भारतीय शासकहरूले आफ्ना विशेषज्ञहरूसँग पर्याप्त छलफल र परामर्श लिने गरेका कारण जहिले पनि भारतको जीत हुने गरेको छ । हामीले पनि भारतबाट उचित पाठ सिक्न सक्नुपर्दछ । हामीले कुनै सन्धिसम्झौता पुनरावलोकन वा खारेजी गर्ने भनेरमात्र भनेर हुँदैन । त्यसका लागि सोहीअनुसार पर्याप्त गृहकार्य पनि गर्नुपर्दछ । जहिले पनि सम्बन्धित क्षेत्रका विज्ञ र विशेषज्ञहरूको परामर्श लिनुपर्दछ । अग्रीमरुपमा नै जनताको अभिमत बुझ्नुपर्दछ । विगतमा हाम्रा सरकारहरूले जनस्तरमा छलफल नचलाउँदा, विशषज्ञहरूको सल्लाह र सुझाव नलिँदा, भ्रष्ट र नालायक कर्मचारीतन्त्रको मात्र भरपर्दा हामीले भारतसँग सन्धिसम्झौताका नाममा धेरै मूल्य चुकाइसकेको अवस्था छ । तसर्थ नयाँ नेपालका नयाँ सम्माननीय प्रधानमन्त्रीज्यूले भारत भ्रमणपूर्व सम्भाव्य विषयका विज्ञ तथा जानकारहरूसँग आवश्यक परामर्श गर्नुका साथै भ्रमणटोलीमा संख्यात्मक भन्दा पनि सम्बन्धित विषयमा दक्षता हासिल गरेका गुणात्मक व्यक्तिहरूलाई सामेल गराउनु उपयुक्त हुनेछ ।

९. विगतका प्रधानमन्त्री तथा कर्मचारीतन्त्रहरूले भारत भ्रमणका क्रममा गर्दैआएका भारतपरस्त सन्धिसम्झौताहरूलाई क्रमभंगता गरी अहिलेको अवस्थामा अन्य कुनै पनि सन्धिसम्झौतामा हस्ताक्षर नगर्नु नै नेपालको हितमा हुनेछ । कुनै सन्धिसम्झौतामा गर्नु नै पर्ने भएमा त्यसलाई सर्वप्रथम व्यापक जनस्तरीय छलफल र वहसपछि नयाँ संविधान नबनेसम्मका लागि वर्तमान संविधानसभाबाट अनुमोदन गराउनुपर्दछ । राष्ट्रिय सरोकारका सवालहरूमा पुराना मातृका, वीपी, गिरिजा तथा देउवा सरकारका शैलीमा सम्बन्धित विशेषज्ञको संलग्नतामा जनस्तरमा छलफल नै नगरी कुनै पनि हालतमा कुनै पनि सन्धिसम्झौताहरू गरिनुहुन्न । अनुमोदनका नाममा तत्कालीन देउवा सरकारले लेण्डुप दोर्जेले सिक्कीम वैधानिकरुपमा भारतलाई बुझाए झैं महाकाली सम्झौतालाई पनि लेण्डुपशैलीमा कृत्रिम दुईतिहाइ बहुमतको माध्यमबाट भारतलाई बुझाएको घटना आम जनमानसमा ताजै छ ।

१०. दुईपक्षीय वार्ताका क्रममा बोलेका सबै कुराहरु औपचारिक हुने हुँदा जनस्तरमा चर्को विरोध भइरहेको अवस्थामा सप्तकोशी, पंचेश्वर-पूर्णागिरीजस्ता उच्चबाँध निर्माणमा भारतसँग कुनै पनि हालतमा सहमति जनाइनु हुन्न । साथै भारतले भुटानले भारतलाई बिजुली बेचेर धनी भइरहेको र दक्षिण एसियामै भुटानको प्रतिव्यक्ति आय सबै भन्दा बढी हुन गइरहेको कुतर्क पेश गर्दै भारतले नेपालको जलविद्युत विकासमा भूटानी मोडेल अनुशरण गर्नुपर्ने लगत सल्लाह दिन सक्छ । तर नेपालले झुक्किएर पनि भुटानी मोडेलअनुसार अघि बढ्ने कुरा गर्नु हुन्न । भारतीय उपनिवेशष रहेको भुटानले आफ्ना आधी नागरिक देश निकाला गरेको र १४ लाख जनसंख्यालाई ६ लाख देखाएको अवस्थामा भुटानको प्रतिव्यक्ति आय दक्षिण एसियामा सबैभन्दा बढी देखिनु कुनै आश्चर्यको कुरा होइन । अर्कोतिर भुटानमा भारतले ४० प्रतिशत अनुदान दिएर आयोजना निर्माण गरिरहेको छ र ती आयोजनाको सुरक्षासमेत भारतीय सैनिकहरूले दिइरहेको अवस्था छ । तर भारत नेपालका कुनै पनि आयोजना ४० प्रतिशत अनुदान दिन तयार छैन र भुटानी मोडेलअनुसार भुटानका आयोजनाहरूमा भारतले दिएजस्तो सुरक्षा नेपालजस्तो स्वतन्त्र एवं सार्वभौम मुलुकका लागि कदापि स्वीकार्य विषय हुन सक्दैन । तर भारतपरस्त कतिपय हाम्रै राजनीकित दल, नेताहरु, कथित बुद्धिजिवी तथा भ्रष्ट कर्मचारीतन्त्रले पनि भारतीय योजनाअनुसारको भुटानी मोडेलको वकालत गरिरहेको अवस्थामा यस विषयमा थप सतर्कता अपनाउनु जरुरी छ ।

११. भारतले सीमावर्ती क्षेत्रमा अन्तराष्ट्रिय कानुनविपरीत निर्माण गरेका गैरकानुनी तटबन्धहरु (कैलासपुरी, लक्ष्मणपुर, कोइलावास, महलीसागर, रसियावाल-खुर्दलोटन, डण्डा-फरेना, बाग्मती-लालबकैया, खाडो, कुनौली, लुना) भत्काउन तथा कालापानीमा रहेको भारतीय सैनिक क्याम्प हटाउन र देशका ६२ वटा भन्दा बढी स्थानमा भइरहेको सीमा अतिक्रमण तत्काल रोक्न तथा सन् १९५० को कथित शान्ति तथा मैत्री सन्धि खारेजीका लागि सम्माननीय प्रधानमन्त्रीज्यूले भारतीय प्रधानमन्त्रीसँग प्रष्ट कुरा जरुरी छ ।

१२. नेपालको राष्ट्रिय स्वार्थ अनुकूल हुने गरी नयाँ एकल असंलग्न परराष्ट्र नीति अनुशरण गर्दै भारतद्वारा निरन्तर प्रहार हुँदैआएको नेपाली राष्ट्रियताको जगेर्नाका निमित्त सबै क्षेत्रमा विद्यमान भारतीय दादागिरी, हस्तक्षेप एवम् हेपाहा प्रवृत्तिबाट उन्मुक्ति दिलाउन जरुरी छ । भारतनियन्त्रित तथा निर्देशित नेपाली राजनीतिक परम्पराको समेत अब सदाका लागि अन्त्य गर्नु जरुरी छ । नेपाल-भारतबीच सम्पन्न व्यापार-पारवहनलगायत सम्झौताहरूसमेत सबै भारतमुखी भएको अवस्थामा ती सन्धिसम्झौताका बारेमा समेत कुरा उठाउनु जरुरी छ । फुलवारी बग्लाबन्द तथा राधिकापुरको बाटोसहित बंगलादेश हुँदै तेस्रो मुलुक पुग्ने पारवहनका विषयमा समेत भारतसँग प्रष्टरुपमा सम्झौता हुन जरुरी छ ।

१३. अन्त्यमा, सम्माननीय प्रधानमन्त्रीज्यूको यो ऐतिहासिक भारत भ्रमण नेपालको सर्वोत्तम हितमा सम्पन्न भएको खुशियाली व्यक्त गर्न पाइयोस् ! तत्काल केही हासिल भइनहाले पनि थप गुमेको गुनासो गर्नु नपरोस् ! शुभ समाचारमात्र सुन्न पाइयोस् !

भवदीय

रामचन्द्र चटौत - अध्यक्ष
रतन भण्डारी - संयोजक